# अपाङ्गता भएका व्यक्तिहरुको प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६

**स्वीकृत मिति २०७६/४/१५**

**प्रस्तावनाः** प्रदेशमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको प्रभावकारी कार्यान्वयन गर्न गराउन तथा प्रदेश सरकारबाट अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धमा आवश्यक कार्यक्रम तयार गरी कार्यान्वयन गर्न अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४१ बमोजिम प्रदेशस्तरीय समिति गठन गर्न बाञ्छनीय भएकोले,

प्रशासकीय कार्यविधि (नियमीत गर्ने) ऐन, २०७६ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **नाम र प्रारम्भः**(१) यस कार्यविधिको नाम "अपाङ्गता भएका व्यक्तिहरुको प्रदेशस्तरीय समिति गठन सम्बन्धी कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "उपाध्यक्ष" भन्नाले समितिको उपाध्यक्ष सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ ।

(घ) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. १ को मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ ।

(च) "सदस्य" भन्नाले समितिका सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष, उपाध्यक्ष र सदस्य–सचिव समेतलाई जनाउँदछ ।

(छ) "समिति" भन्नाले दफा ३ बमोजिमको प्रदेश अपाङ्गता समिति सम्झनु पर्छ ।

३. **समितिको गठनः** (१) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र संरक्षण सम्बन्धी काम कारबाहीमा समन्वय, रेखदेख, प्रबर्द्धन गर्ने तथा सो सम्बन्धी काममा निर्देशन दिने काम समेतको लागि एक प्रदेश अपाङ्गता समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः–

(क) सामाजिक विकास मन्त्री – अध्यक्ष

(ख) खण्ड (ढ) बमोजिमका सदस्यहरु मध्येबाट अध्यक्षले मनोनयन गरेको सदस्य – उपाध्यक्ष

(ग) सदस्य, प्रदेश योजना आयोग (सामाजिक सेवा हेर्ने) – सदस्य

(घ) प्रदेश सरकारका प्रमुख सचिव – सदस्य

(ङ) सचिव, सामाजिक विकास मन्त्रालय – सदस्य

(च) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय – सदस्य

(छ) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय – सदस्य

(ज) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय – सदस्य

(झ) उपाध्यक्ष, सामाजिक विकास परिषद् – सदस्य

(ञ) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य महासंघ – सदस्य

(ट) राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, प्रदेश समितिको अध्यक्ष – सदस्य

(ठ) प्रतिनिधि, समुदायमा आधारित पुर्नस्थापना केन्द्र – सदस्य

(ड) अपाङ्गता सम्बन्धी विषयका विज्ञहरूमध्येबाट एक जना महिला सहित दुई जना – सदस्य

(ढ) अपाङ्गता भएका व्यक्तिहरूको राष्ट्रियस्तरका संघ, संगठन, महासंघ तथा मानव अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरुमध्ये फरकफरक अपाङ्गताका वर्गबाट प्रतिनिधित्व हुने गरी समावेशी सिद्धान्तको आधारमा कम्तीमा पाँच जना महिला सहित दश जना – सदस्य

(ण) अपाङ्गतासँग सम्बन्धित सेवा प्रदायक संस्थाहरूमध्येबाट एक जनामहिला सहित दुईजना –सदस्य

(त) मन्त्रालयको सम्बन्धित महाशाखा प्रमुख –सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (ठ), (ड), (ढ) र (ण) बमोजिमका सदस्यहरुको मनोनयन मन्त्रालयले गर्नेछ र त्यस्ता सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) उपदफा (२) बमोजिम मनोनित कुनै सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले त्यस्ता सदस्यलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउँदा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(६) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

४. **<u>समितिको काम, कर्तव्य र अधिकार:</u>**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) अपाङ्गता सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गर्न प्रदेश सरकारलाई सिफारिस गर्ने,

(२) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अपाङ्गता सम्बन्धी योजना तथा कार्यक्रम बनाई लागू गर्ने,

(३) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवा सुविधा र अवसरको उपभोग, संरक्षण र प्रबद्र्धन गरी अपाङ्गता भएका व्यक्तिलाई बिना भेदभाव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको पूर्ण उपयोग गर्न उपयुक्त उपाय अवलम्बन गर्ने, गराउने,

(४) अपाङ्गता सम्बन्धी काम कारबाहीमा विभिन्न सरकारी निकाय वा गैरसरकारी संस्थाहरूबीच समन्वय गर्ने,

(५) अपाङ्गता सम्बन्धी प्रचलित कानूनमा आवश्यक सुधार गर्नु पर्ने भएमा प्रदेश सरकारलाई सुझाव दिने,

(६) अपाङ्गता भएका व्यक्तिको सेवा सुविधाको लागि प्रयोग हुने उपकरण वा वस्तुको उपलब्धता र प्रयोगलाई प्रबर्द्धन गर्नेगराउने,

(७) अपाङ्गता भएका व्यक्तिको अधिकारका विषयमा विभिन्न निकायको भूमिकाका बारेमा सम्बन्धित व्यक्ति तथा कर्मचारीलाई प्रशिक्षण प्रदान गर्ने, गराउने,

(८) अपाङ्गता हुन सक्ने अवस्था, त्यसको रोकथामका लागि अपनाउनु पर्ने सजगता तथा अपाङ्गता भएका व्यक्तिका अधिकारको सम्मानका लागि गर्नु पर्ने व्यवहार र सहयोगको बारेमा जनचेतना अभिबृद्धि गर्ने, गराउने,

(९) बहिरा तथा श्रवण दृष्टिविहीन अपाङ्गता भएका व्यक्तिका लागि दोभाषेको सेवा उपलब्ध गराउने,

स्पष्टीकरणः यस खण्डको प्रयोजनको लागि "दोभाषे" भन्नाले बहिरा वा सुस्तश्रवण व्यक्तिको सञ्चारमा सहजीकरण गर्ने साङ्केतिक भाषा अनुवादक, सुस्त श्रवण भएका व्यक्तिका लागि क्याप्सनर वा श्रवण दृष्टिविहीन व्यक्तिका लागि सञ्चारमा सहजीकरण गर्ने स्पर्श सञ्चार अनुवादक सम्झनु पर्छ ।

(१०) भौतिक संरचनालाई अपाङ्गता भएका व्यक्तिको पहुँचयुक्त तुल्याउन प्रचलित मापदण्ड समेतका आधारमा प्रदेशस्तरीय नीति स्वीकृति गर्ने,

(११) अस्पताल, खेल मैदान, सडक, सार्वजनिक तथा सरकारी कार्यालय, सार्वजनिक यातायातका साधन, सडक, शौचालय, बसपार्क, पार्क लगायतका सार्वजनिक स्थलमा अपाङ्गता भएका व्यक्तिको पहुँचलाई सहज तुल्याउन समयावधि निर्धारण गरी आवश्यक कार्यक्रम बनाई लागू गर्ने,

(१२) अपाङ्गता भएका व्यक्तिहरूको हकहित, प्रवर्द्धन तथा अधिकारको संरक्षण र सेवा सुविधाका लागि काम गर्ने संस्थाको कार्यमा सहयोग गर्ने तथा त्यस्ता संस्थासँग सहकार्य गर्ने,

(१३) प्रदेशमा अपाङ्गता भएका व्यक्तिका लागि सञ्चालित विभिन्न कार्यक्रमको अनुगमन, सुपरीवेक्षण र मूल्याङ्कन गर्ने,

(१४) अपाङ्गता सम्बन्धमा अध्ययन, अनुसन्धान, सूचना सङ्कलन, प्रशोधन र प्रकाशन गर्ने, गराउने,

(१५) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धिका प्रावधानहरू कार्यान्वयन गर्न सम्बन्धित निकायका कार्यक्रममा उपयुक्त व्यवस्था समावेश गर्न लगाउने,

(१६) अपाङ्गता भएका व्यक्तिको हक, हित वा अधिकार विपरित कुनै काम कारबाही कसैद्वारा भए गरेको पाइएमा आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(१७) तोकिए बमोजिमका अन्य कार्य गर्ने, गराउने ।

५. <u>**समितिको बैठक सम्बन्धी कार्यविधिः**</u>(१) समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ।

(२) समितिको बैठक अध्यक्षले र निजको अनुपस्थितीमा उपाध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्ने सूचना सो समितिको सदस्य–सचिवले बैठक बस्नुभन्दा कम्तीमा अठ्चालीस घण्टा अगावै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) समितिको कूल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सो समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

(५) समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले र निजको अनुपस्थितीमा उपाध्यक्षले गर्नेछ ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिले सम्बन्धित क्षेत्रका कुनै पदाधिकारी वा विशेषज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको निर्णय सो समितिको सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(९) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

६. **बजेट व्यवस्था:** यस कार्यविधिको कार्यान्वयन्को लागि मन्त्रालयले अपाङ्गता सम्बन्धी वार्षिक स्वीकृत बजेट तथा कार्यक्रमबाट उपलव्ध गराउन सक्नेछ ।

७. **पारिश्रमिक र बैठक भत्ता:** (१) समितिका उपाध्यक्षले आंशिक समय काम गरे वापत खाजा खर्च, यातायात खर्च र सञ्चार खर्च वापत प्रदेश सरकारले तोके बमोजिम एकमुष्ट रकम पारिश्रमिक स्वरुप पाउनेछ ।

(२) समितिका सदस्यहरूले बैठकमा भाग लिए बापत प्रचलित नियमानुसार बैठक भत्ता पाउनेछन्।

८. **वार्षिक प्रतिवेदन पेश गर्ने:** समितिले वर्षभरिमा आफूले गरेको काम कारबाहीको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

९. **अधिकार प्रत्यायोजन:** समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, उपाध्यक्ष, सदस्य, सदस्य–सचिव वा प्रदेश सरकारको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१०. **निर्देशन दिने:** प्रदेश सरकारले समितिको काम कारबाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यसरी दिइएको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

११. **प्रदेश सरकारसँग सम्पर्क:** समितिले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नेछ ।

१२. **मार्गदर्शन बनाउने अधिकार:** यस कार्यविधिमा तोकिएका काम, कर्तव्य र अधिकार कार्यान्वयनको लागि समितिले आवश्यक दिग्दर्शन वा मार्गदर्शन बनाई लागु गर्न सक्नेछ ।

१३. **संशोधन गर्न सक्ने:** प्रदेश सरकारले आवश्यकता अनुसार यस कार्यविधिमा संशोधन गरी लागू गर्न सक्नेछ ।